# जिल्ला सरकारी वकील कार्यालय

## दुनै,डोल्पा

श्री जिल्ला सरकारी वकील कार्यालय दुनै डोल्पा २०४२

पत्र संख्या :-०७८।०७९ मिति :-२०७८/०९/१८

चलानी नं. :- १६१

**विषय-समन्वय समितिको बैठक सम्बन्धमा ।**

श्री महान्यायाधिवक्ताको कार्यालय,

रामशाहपथ, काठमान्डौ ।

प्रस्तुत विषयमा यस कार्यालयमा मिति २०७८/०९/१८ गते भएको जिल्ला समन्वय समितिको बैठक स. जि. न्या. श्री खुम बहादुर कुँवरको अध्यक्षतामा बसी भएको निर्णयको प्रतिलिपि यसै पत्रसाथ पठाईएको व्यहोरा सादर अनुरोध गरिन्छ ।

२०७८।९।१८

खुम बहादुर कुँवर

स.जि.न्या.व.

बोधार्थः

**श्री उच्च सरकारी वकील कार्यालय विजयनगर, जुम्ला** - साथै जिल्ला समन्वय समितिको बैठकको निर्णय प्रतिलिपि यसै पत्रसाथ पठाईएको व्यहोरा सादर अनुरोध गरिन्छ ।

आज मिति २०७८ साल पौष १८ गते आईतबारका दिन अपराध अनुसन्धान तथा अभियोजनसँग संलग्न निकायका बिचमा आवश्यकतानुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारीता ल्याउने प्रयोजनको लागि समन्वय समिति डोल्पाका संयोजक नि. जिल्ला न्यायाधिवक्ता श्री खुम बहादुर कुँवरज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा समन्वय समितिको बैठक बसी देहाय बमोजिमको विषयमा छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| | |
|---|---|
| नि.जि.न्या.व. (जि.स.व.का.डोल्पा) | श्री खुम बहादुर कुँवर - संयोजक |
| स.प्र.जि.अ. (जि.प्रशासन का. डोल्पा) | श्री बम बहादुर नेपाली - सदस्य |
| प्र.नि. (जि.प्र.का. डोल्पा) | श्री निरञ्जन थापा - सदस्य |
| ना.सु.(जि.स.व.का.) | श्री आयुष सिंजाली - सदस्य सचिव |

आमन्त्रित:

| | |
|---|---|
| कार्यालय प्रमख (मालपोत कार्यालय, डोल्पा) | श्री कर्ण बहादुर रोकाया |
| जन.स्वा.नि. (डोल्पा जिल्ला अस्पताल, डोल्पा) | श्री टेक बहादुर गुरुङ्ग |
| जेलर (कारागार कार्यालय, डोल्पा) | श्री दिर्घराज आर.सी. |
| स.व.अ. (डिभिजन वन कार्यालय, डोल्पा) | श्री टिकाराम चापागाई |

छलफलका विषयहरु:

१ . सरकारी साक्षीको परिचय खुल्ने कागजात सम्बन्धमा ।
२ . परिक्षण प्रतिवेदन सम्बन्धमा ।
३ . अनुसन्धान तहकिकातलाई प्रभावकारी बनाउने सम्बन्धमा ।
४ . साक्षी फेला नपर्दा अनिवार्य मुचुल्का पेश गर्ने सम्बन्धमा ।

निर्णयहरु:

१ . घटनास्थल मुचुल्का तथा बरामदी मुचुल्का, लाश जाँच मुचुल्का तथा घटना विवरण कागज गर्दा साक्षीहरुको परिचय खुल्ने कागजातहरु (ना.प्र.प., स.चा.अ.प. तथा मतदात परिचयपत्र) अनिवार्य रुपमा अनुसन्धानकै क्रममा मिसिलमा सामेल गर्ने र त्यस्ता सरकारी साक्षीहरुको सम्पर्क नं. समेत अनिवार्य रुपमा राख्नुपर्ने ।

२ . परिक्षण प्रतिवेदनहरु सकेसम्म अनुसन्धानकै क्रममा मिसिल सामेल गर्नुपर्ने र नसकेको खण्डमा अदालतमा मुद्दा दायर भईसकेपछि समयमा नै सम्बन्धित ठाउँबाट माग गरी पेश गर्ने ।

३ . अपराध अनुसन्धान तथा अभियोजन गर्ने निकायहरुबिच निरन्तर आवश्यक समन्वय गरि अनुसन्धान तहकिकातलाई वैज्ञानिक, बस्तुनिष्ट तथा प्रभावकारी बनाउने ।

४. अदालत तथा अर्धन्यायिक निकायबाट सारकारी साक्षीहरुलाई बकपत्रको लागि उपस्थित हुन आदेश गरिएको दिन साक्षीहरुलाई उपस्थित गराउन नसकिने भएमा सोको कारण खुलाई मुचुल्का तयार गरी पेश गर्नुपर्ने ।